कर्णाली प्रदेशको पहिलो दैनिक

काँक्रेविहार

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २९४ ❐ बुधवार, २० साउन, २०८३ ❐ Wednesday, 5 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

एकातिर बस्तीमा वन्यजन्तुको वितण्डा, अर्कातिर जंगलमा तस्करको राज

आव २०८२/०८३ मा बँदेल, बाँदर लगायतका जनावरले १ सय ३१ घरधुरीको अन्नबालीमा क्षति पुऱ्याएका छन् भने हिंस्रक जनावरले घरपालुवा पशु मारेपछि २३ परिवार प्रभावित भएका छन् । मानव वन्यजन्तुबाट दैलेख र सल्यान सबैभन्दा बढी प्रभावित बनेका छन् ।

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १९ साउन

प्राकृतिक सौन्दर्य जैविक विविधता र दुर्लभ वन्यजन्तुको बासस्थानका रूपमा चिनिने कर्णाली प्रदेश अहिले जटिल र दोहोरो सङ्कटको परेको छ । एकातिर आहारा र बासस्थानको खोजीमा जङ्गलबाट बस्ती छिर्ने हिंस्रक तथा जङ्गली जनावरका कारण स्थानीय बासिन्दाको ज्यान, घरपालुवा पशुधन र अन्नबाली निरन्तर जोखिममा परिरहेको छ भने अर्कातिर तस्कर र अवैध सिकारीहरूको निसानामा परेर दुर्लभ वन्यजन्तुको अस्तित्व नै सङ्कटमा पर्न थालेको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले उपलब्ध गराएको पछिल्लो तथ्याङ्कले कर्णालीमा मानव वन्यजन्तुबिचको द्वन्द्व र वन्यजन्तुविरुद्ध हुने अपराध दुवै भयावह रूपमा बढेको चिन्ताजनक चित्र प्रस्तुत गरेको छ ।

मन्त्रालयको तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०८२/०८३ मा मात्रै कर्णाली प्रदेशका विभिन्न जिल्लामा मानव र वन्यजन्तुबिच द्वन्द्वका २ सय ६९ वटा गम्भीर घटना दर्ता भएका छन् । बर्सेनि आहाराको खोजीमा गाउँ बस्ती पस्ने जनावरहरूको आक्रमणबाट गत वर्ष तीन जनाले ज्यान गुमाएका छन् भने नौ जना घाइते वा अङ्गभङ्ग भएका छन् । मानवीय क्षतिसँगै ग्रामीण अर्थतन्त्रमा समेत बाँकी पृष्ठ २



राज्यको राहत, प्रभावित क्षेत्र र अपराध


मन्त्रालयका अनुसार वन्यजन्तु द्वन्द्वका २ सय ६९ घटनाबाट प्रभावित परिवार तथा व्यक्तिहरूलाई कुल ४९ लाख ९५ हजार ३ सय ५९ रुपैयाँ राहतस्वरूप वितरण गरिएको छ । यस्तै आक्रमणबाट मृत्यु भएका तीन जनाका परिवारलाई प्रतिपरिवार १० लाखका दरले ३० लाख रुपैयाँ,अन्नबाली क्षति भएका १ सय ३१ घरधुरीलाई ११ लाख ६१ हजार ९ सय ६० रुपैयाँ र घाइते तथा अङ्गभङ्ग भएका नौ जना पीडितलाई ५ लाख ७८ हजार ३ सय ९९ रुपैयाँ वितरण गरिएको छ। भने घरपालुवा पशु गुमाएका २३ जना पीडितलाई २ लाख ५५ हजार रुपैयाँ उपलब्ध गराइएको छ । प्रदेश वन निर्देशनालयका अनुसार राहत वितरण गरिएका जिल्लामध्ये सल्यान र दैलेख मानव वन्यजन्तु द्वन्द्वबाट सबैभन्दा बढी प्रभावित जिल्लाका रूपमा देखिएका छन् । मानव वन्यजन्तु द्वन्द्वसँगै कर्णालीमा वन्यजन्तुसम्बन्धी अपराधका घटनामा भएको अस्वाभाविक वृद्धि भन् चिन्ताजनक छ । प्रदेश वन निर्देशनालयका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा ५ वटा मात्र दर्ता भएको यस्तो मुद्दा, आव २०८२/०८३ मा बढेर १० पुगेको छ । अर्थात्, वन्यजन्तु अपराधका मुद्दा १०० प्रतिशत (दोब्बर) ले बढेका छन् ।

तथ्याङ्क अनुसार कर्णाली प्रदेश जैविक विविधताका हिसाबले अत्यन्त समृद्ध छ । यहाँ ८९ प्रजातिका स्तनधारी ४ सय १० प्रजातिका चराचुरुङ्गी, १४ प्रजातिका सरिसृप, २५ प्रजातिका उभयचर र रारा तथा फोक्सुन्डो जस्ता रामसार सूचीकृत सिमसार क्षेत्र छन् । तर यो प्राकृतिक सम्पदा अहिले तस्करको क्रूर निसानामा परेको छ ।

तस्करको तारोमा परेका वन्यजन्तु

कर्णालीमा वन्यजन्तुको अवैध सिकार अवैध पालन, आखेटोपहार (ट्रफी) सङ्कलनका साथै छाला, मासु, भालुको पित्त, नङ्ग्रा र कस्तुरीको बिना लगायतका बहुमूल्य अङ्गहरूको अवैध व्यापार र ओसारपसार हुने गरेको छ । तस्करहरूको मुख्य निसानामा बँदेल, घोरल, चितुवा, जरायो, कस्तुरी, भालु, झ्गरल तथा रतुवा पर्ने गरेका छन् । भौगोलिक अवस्थाका आधारमा मन्त्रालयले सुर्खेत, डोल्पा र हुम्ला लाई अपराधको उच्च संवेदनशील क्षेत्र मानेको छ । यस्तै सुर्खेतमा विशेष गरी जरायो र बँदेलको अवैध सिकार हुने गरेको छ । यस्तै डोल्पा र हुम्लामा दुर्लभ हिउँ चितुवासम्बन्धी अपराध उच्च रहेको छ, भने हुम्लामा हिउँ चितुवासँगै जङ्गली घोडा र कस्तुरीसमेत उच्च जोखिममा छन् । वन्यजन्तु अपराधमा संलग्न रहेको आरोपमा पछिल्ला दुई वर्षमा २८ जना पक्राउ वा आरोपित भएका छन् । जसमा २१ जना पुरुष (७५ प्रतिशत) ६ जना महिला (२१ प्रतिशत) र १ जना नाबालक (४ प्रतिशत) रहेका छन् । दर्ता भएका १५ मुद्दामध्ये ११ वटा अदालतमा दायर भइसकेका छन्, ३ वटा अनुसन्धानको क्रममा छन् भने हुम्लामा कस्तुरीको बिना खरिद-बिक्री सम्बन्धी १ मुद्दाको फैसला भइसकेको छ ।

निर्माण व्यवसायी महासंघ कर्णालीको अध्यक्षमा बम निर्वाचित



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १९ साउन

कर्णाली प्रदेश निर्माण व्यवसायी महासङ्घको अध्यक्ष पदमा मानव बम निर्विरोध निर्वाचित भएका छन् । सुर्खेतमा मङ्गलवार सम्पन्न महासङ्घको ७ औँ साधारण सभा तथा तेस्रो अधिवेशनको सार्वजनिक अन्तिम नामावली अनुसार बमको अध्यक्ष पदमा एकल उम्मेदवारी परेकाले उनी निर्विरोध चयन भएका हुन् ।

यसैबिच उम्मेदवारी फिर्ता भई खाली रहेका दुई महत्त्वपूर्ण पदहरूमध्ये वरिष्ठ उपाध्यक्षमा प्रदिप खड्का र महासचिवमा भरत डाँगी मनोनित भएका छन् । निर्वाचन समितिले सार्वजनिक गरेको नामावली अनुसार महासङ्घका अन्य पदहरूमा पनि सर्वसम्मत रूपमा नेतृत्व चयन भएको छ । उपाध्यक्ष पदमा तुलाराज शाही (राज), सचिव पदमा नबिन कुमार थापा, कोषाध्यक्षमा मनोज कुमार सिंह र सहकोषाध्यक्ष पदमा शिमिला खड्का निर्विरोध निर्वाचित भएका छन् । यसै गरी कार्यसमिति सदस्यहरूमा मन बहादुर चँदरा, ठान बहादुर भण्डारी, रतन बहादुर शाही र खडक बहादुर शाही निर्विरोध चयन भएका छन् भने पिछडिएको क्षेत्रतर्फको सदस्य पदमा ध्वज बहादुर शाहि निर्वाचित भएका छन् ।

वरिष्ठ उपाध्यक्ष र महासचिवको मनोनयनसँगै महासङ्घले पूर्ण कार्यसमिति पाएको छ ।

ग्यासको हाहाकार भएपछि प्रधानमन्त्री कार्यालयको चासो

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १९ साउन

बजारमा ग्यासको हाहाकार भएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले चासो दिएको छ । ग्यास सहज बनाउने उपाय खोजी गर्न कार्यालयले मंगलबार सरोकारवालासँग वृहत छलफल गरेको छ ।

मुख्य सचिव गोविन्दबहादुर कार्कीको अध्यक्षतामा भएको उक्त छलफलमा बजारमा ग्यास अभाव हुनुको कारण र समाधान लागि सम्बद्ध मन्त्रालय, विभाग, उद्योगी तथा ग्यास वितरण व्यवसायीलगायतको भूमिकाबारे समीक्षा गरिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।



छलफलका क्रममा व्यवसायीहरुले बजारमा हल्ला चलेजस्तो ग्यासको अभाव नभएको दाबी गरेका थिए । पश्चिम एशियाको द्वन्द्वपछि ग्यास आपूर्ति सहज गर्न सरकारले ७.१ किलोग्रामको आधा सिलिन्डर दिने गरेकोमा पुनः १४.२ किलोग्रामको भरी सिलिन्डर वितरण सुरु गर्दा बजारमा एकाएक माग बढेको व्यवसायीहरुको धारणा थियो । व्यवसायीहरुले पहिलेभन्दा बढी ग्यास आयात भइरहेको तर उपभोक्ताहरुले आवश्यकभन्दा बढी भण्डारण गर्ने गरेकाले समस्या निम्तिएको बताएका थिए ।

बैठकमा ग्यास आपूर्तिमा समस्या देखिएका जिल्लाहरूमा वितरणलाई थप प्रभावकारी, नियमित र सहज बनाउन सम्बन्धित निकायहरूबीच आवश्यक समन्वय तथा व्यवस्थापनलाई तीव्रता दिनेबारे निर्णय भएको सचिवालयले जनाएको छ ।

जसअनुसार आगामी दशैं तथा चाडपर्वमा हुने उच्च मागलाई मध्यनजर गर्दै आगामी तीन महिनासम्म प्रत्येक महिना ५० हजार मेट्रिक टनभन्दा बढी एलपी ग्यास आयात गर्ने व्यवस्था मिलाउने समेत बैठकमार्फत निर्णय भएको छ।

मुख्य सचिव कार्कीले ग्यास अभावको दीर्घकालीन समस्या समाधानका लागि सरोकारवालासँग आगामी दिनमा पनि छुट्टै ढंगले छलफल जारी राख्ने बताए ।

छलफलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव वीरेन्द्रकुमार यादव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नारायणप्रसाद शर्मा दुवाडी, सहसचिव नेत्रप्रसाद सुवेदी, गृह मन्त्रालयका सहसचिव सुरेश पन्थी, नेपाल आयल निगमका कार्यकारी निर्देशक दीपक बराल, ग्यास उद्योगीहरुको छाता संगठनका पदाधिकारी तथा उद्योगी कृष्णभक्त श्रेष्ठ, सुरेन्द्रराज पौड्याल, अमित अग्रवाल, रुद्रप्रसाद कोइरालालगायतको उपस्थिति थियो ।

दशनामी इतिहास र खस सभ्यताको दस्तावेज लोकार्पण



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १९ साउन

लेखक खडानन्द चौलागाईद्वारा लिखित ऐतिहासिक कृति 'दशनामी समाजका विशिष्ट भ्रम र खस सभ्यता' पुस्तक सुर्खेतमा आयोजित कार्यक्रममा लोकार्पण गरिएको छ ।

कोलमुनी परिवार, सुर्खेतको आयोजनामा विभिन्न क्षेत्रका बुद्धिजीवी, समाजसेवी, अध्येता तथा दशनामी समुदायका अगुवाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको सभाध्यक्षता स्वर्गीय बलदेव गिरीको धर्मपत्नी उमादेवी गिरीले गरेकी थिइन् भने प्रमुख अतिथिका रूपमा सुर्खेत बहुमुखी क्याम्पसका पूर्वप्रमुख महेन्द्रप्रसाद योगी सहभागी भएका थिए ।

कार्यक्रममा वक्ताहरूले पुस्तकले दशनामी समाज, खस सभ्यता र ऐतिहासिक पहिचानका विषयमा महत्वपूर्ण सामग्री प्रस्तुत गरेको धारणा व्यक्त ग रे ।

पुस्तक लोकार्पणपछि लेखक चौलागाईले 'दशनामी समाजका बाँकी पृष्ठ २

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
बुधवार, २० साउन, २०८३
Wednesday, 5 Aug 2026

सम्पादकीय

घरमा लगेर अस्वाभाविक सञ्चय नगरौं

पछिल्ला समय देशका प्रमुख सहरी क्षेत्रहरू र विशेष गरी सुर्खेतमा खाना पकाउने एलपी ग्यासका लागि उपभोक्ताहरू खाली सिलिन्डर बोकेर बिहानैदेखि लामो लाइनमा बस्न बाध्य छन् । ग्यास डिपोहरूअघि देखिएको यो अस्तव्यस्ततालेे बजारमा एक प्रकारको गम्भीर त्रास र अन्योल सिर्जना गरेको छ । फेरि इन्धनको नाकाबन्दी वा ठुलो संकट त हुने होइन? भन्ने आशंकाले आम नागरिकलाई पिरोलिरहेको छ । तर, बाहिर देखाइएको वा देखिएको यो भयावह दृश्यको वास्तविक धरातल भने उपभोक्तामा व्याप्त 'प्यानिक बाइङ' (मनोवैज्ञानिक त्रासका कारण गरिने अतिरिक्त खरिद) र व्यापारीको कालोबजारीसँग जोडिएको छ । नेपाल आयल निगमका अनुसार भारतको इन्डियन आयल कर्पोरेसन बाट ग्यासको आयातमा कुनै व्यवधान आएको छैन । आपूर्ति नियमित छ । उदाहरणका लागि, सुर्खेतको वीरेन्द्रनगर क्षेत्रमा मात्रै साउन १ देखि १६ गतेसम्मको १६ दिनको अवधिमा ३१ हजार ९६३ वटा सिलिन्डर बिक्री वितरण गरिएको छ, जुन सो अवधिमा हालसम्मकै उच्च परिमाण हो । यस्तै, ७.५ किलोग्रामको आधा सिलिन्डरको सट्टा १४.२ किलोग्रामको पूर्ण (भरी) सिलिन्डर बिक्री खुला गरिएपछि समस्याको बीजारोपण भएको निगमको ठहर छ ।

आधा सिलिन्डर पाउँदा नियमित खपत अनुसार मात्रै लैजाने उपभोक्ताहरूले भरी सिलिन्डर खुला हुनासाथ 'भोलि नपाइएला कि' भन्ने डरले घरमा रहेका अतिरिक्त खाली सिलिन्डरहरू पनि भर्न थाले । जसका कारण बजारमा माग एकाएक अस्वाभाविक रूपमा चुलिन पुग्यो । सामान्य समयमा एउटा परिवारलाई १४.२ किलोग्रामको एक सिलिन्डरले एकदेखि डेढ महिना पुग्छ । तर, अभावको हल्ला फैलिँदा मानिसहरूले आगामी २-३ महिनापछिका लागि चाहिने ग्यास पनि अहिल्यै सञ्चय गर्ने होडबाजी चलाए । यसरी खपतभन्दा कैयौं गुणा बढी माग सिर्जना हुँदा आपूर्ति व्यवस्थापन अस्तव्यस्त हुनु स्वाभाविकै हो । उपभोक्ताको यही त्रास र सञ्चय गर्ने होडबाजीको अनुचित फाइदा भने नाफाखोर व्यापारी तथा बिचौलियाहरूले उठाइरहेका छन् ।

बजारमा ग्यास पर्याप्त भित्रिँदा भित्रिँदै पनि डिपोहरूले कृत्रिम अभाव सिर्जना गर्ने, सर्वसाधारणलाई फर्काएर पछाडिको बाटोबाट बढी मूल्यमा बिक्री गर्ने जस्ता गलत अभ्यासहरू बढेका छन् । केवल आपूर्ति सामान्य छ, भनेर वक्तव्य जारी गर्दैमा वा उपभोक्तालाई मात्र दोष दिएर आयल निगम र नियमनकारी निकायहरू पन्छिन मिल्दैन । बजारको यो अस्तव्यस्तता र त्रासलाई तत्काल साम्य पार्न दुवै पक्ष उपभोक्ता र सरकार गम्भीर बन्नुपर्छ । उपभोक्ताहरूले अनावश्यक रूपमा ग्यास सञ्चय गर्ने बानी छाड्नुपर्छ; ग्यास सिद्धिएकाले मात्रै खरिद गरेमा बजारको माग २-३ दिनभित्रै सामान्य अवस्थामा फर्किन्छ । अर्कोतर्फ, आयल निगम र स्थानीय प्रशासनले विक्रेताहरूलाई घरायसी उपभोक्तालाई प्राथमिकता दिन र खरिदकर्ताको नाम ठेगानासहितको अनिवार्य अभिलेख राख्न लगाएको निर्देशन कागजमा मात्र सीमित हुनु हुँदैन । बजारमा सुक्ष्म अनुगमन बढाएर कृत्रिम अभाव सिर्जना गर्ने र कालोबजारीमा संलग्न व्यापारीहरूलाई तत्काल कडा कानुनी कारबाहीको दायरामा ल्याउनु आजको मुख्य आवश्यकता हो ।

हिमाल चढ्ने रहर, सुरक्षित फर्कने चुनौती



राजु सिलवाल

विश्वमा तीव्र गतिको आरोहणमा विशिष्ठ पहिचान बनाउन सफल निम्स दाइको नामले परिचित कीर्तिमानी आरोही निर्मल पुर्जासहित नेपाली तथा अन्य मुलुकका १० पर्वतारोहीको पाकिस्तानस्थित ब्रोड पिक हिमालमा हिमपहिरोमा परेर दुःखद् निधन भएपछि हिमालमा सुरक्षासम्बन्धी सन्दर्भ बहसको विषय बन्न पुगेको छ।

निर्मल पुर्जाका सहयात्री पुरबहादुर गुरुङ युक्ताले सगरमाथा १० पटक आरोहण गर्नुका साथै विश्वका ८ हजार मिटर अग्ला १२ वटा हिमाल चढिसकेका थिए। यसपालि पनि हिमालमा ज्यानको बाजी थाप्दै कठोर परिस्थितिको सामना गर्दै आएका यी साहसीको प्रकृतिका अघि कुनै जोर चलेन। यो घटनाले विश्वमै हिमाली गतिविधिको केन्द्र मानिएको नेपाल जस्तो मुलुकलाई अझ बढी क्षति पुऱ्याएको छ। विगतमा झण्डै आठ वर्ष लगाएर विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमालको आरोहण गरी दक्षिण कोरियाका किम चाङ होले बनाएको विश्व कीर्तिमान छ महिना छ दिनमै भंग गर्न सफल आरोही निर्मल पुर्जाका लागि ८ हजार ४७ मिटर अग्लो ब्रोड पिक हिमाल कुनै नौलो थिएन। उनले १० नेपालीसँगै हिउँदमा पहिलोपटक विश्वको दोस्रो अग्लो शिखर के टु हिमाल चढेर विश्व कीर्तिमान स्थापित गरेका थिए। उनले अन्य थुप्रै विश्व कीर्तिमानहरू समेत बनाइसकेका छन्। त्यस्ता अनुभवी पर्वतारोहीको हिमालमै अवसान हुनु सामान्य प्रसङ्ग होइन । सोही दुर्घटनामा अन्य अनुभवी आरोहीले पनि हिमालमै प्राण त्यागु परेको थियो। नेपालका हिमालहरू कयौं दशक अघिदेखि नै विश्वभरिका पर्वतारोही तथा साहसिक पर्यटकहरूका लागि आकर्षक गन्तव्य बन्दै आइरहेका छन्। हरेक वर्ष हजारौँ स्वदेशी तथा विदेशी आरोहीहरू विश्वको सर्वोच्च शिखर तथा अन्य विभिन्न हिमाल आरोहणमा संलग्न हुने गरेका छन्। पर्वतीय पर्यटनबाट मुलुकले उल्लेखनीय आर्थिक लाभ प्राप्त गरिरहेको छ, तर हिमालप्रतिको बढ्दो आकर्षणसँगै हिमाली क्षेत्रमा दुर्घटनामा परेर कयौं पर्वतारोहीले ज्यान गुमाएका छन्। गत वसन्त ऋतुमा सगरमाथा र मनास्लु हिमालमा गरी सात जनाको निधन भएको थियो। यस्तै, मौसमजन्य जोखिम, उद्धारको चुनौती र उचित सुरक्षा व्यवस्था पनि गम्भीर मानिएका छन् । हिमाललाई सुरक्षित गन्तव्यका रूपमा स्थापना गर्न जोखिमप्रतिको सचेतता तथा प्रभावकारी सुरक्षा प्रणाली अपरिहार्य बनेको छ।

सुरक्षाका उपायहरू

हिमालमा पर्वतारोहीको सुरक्षाका लागि योग्यता र अनुभव महत्वपूर्ण मानिएको छ । पर्वतारोहीले पर्वतारोहणसम्बन्धी तालिम अनिवार्य रूपमा हासिल गरेको हुनुपर्ने तथा निश्चित उचाइका हिमाल आरोहण गरेपछि मात्र उच्च हिमाल चढ्ने अनुमति दिने व्यवस्था हुनु आवश्यक छ । प्रस्तावित पर्यटन विधेयकमा सगरमाथा आरोहणका लागि सात हजार मिटरभन्दा अग्लो कुनै नेपाली हिमाल आरोहण गरेको प्रमाणपत्र अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । आरोहण अनुमति पाउन स्वास्थ्य अनुमतिपत्र पनि अनिवार्य गरिएको छ। मौसमको भरपर्दो पूर्वानुमानको व्यवस्था, गुणस्तरीय उपकरणको प्रयोग पनि महत्त् वपूर्ण मानिन्छ। खोज तथा उद्धार टोलीलाई चौबिसै घण्टा सजग राख्दै सञ्चार प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ । यस्तै, सरकारी नीति नियम लागू गर्न सम्बन्धित निकायको सक्रियता पनि आवश्यक पर्छ। यसक्रममा सुरक्षा मापदण्ड पालना नगर्नेलाई तत्काल कारबाही गर्न पछि पर्न हुँदैन।

'ट्राफिक जाम'को सन्दर्भ

सगरमाथामा बेलाबखत 'ट्राफिक जाम' अर्थात एकैपटक धेरै आरोहीहरूको भिड हुने गरेको सन्दर्भ पनि उठ्ने गर्छ। एकै समयमा सगरमाथाको शिखरतर्फ प्रस्थान गर्ने मार्गमा आरोहीहरू भिड लागेको तस्वीर सार्वजनिक भएका छन्।

यसै क्रममा सगरमाथालगायतका हिमालको बहन क्षमताबारे पनि चर्चा हुन थालेको छ । गत वसन्त ऋतुमा सम्पन्न पर्वतारोहण गतिविधि सम्बन्धमा केही दिनअघि आयोजित समीक्षात्मक छलफलमा सगरमाथालगायतका हिमालमा एकै याममा कति आरोहीलाई आरोहण गराउन सकिन्छ गहिरो र यथार्थपरक अध्ययनको आवश्यकता रहेको औंल्याइएको थियो । हिमालमा व्यवस्थापन गर्ने विषयमा विज्ञहरू भूगर्भविद्लगायतको सल्लाह र सुझावमा राज्यले नीति स्पष्ट पार्नुपर्ने अवस्था देखिएको छ । सगरमाथामा निर्धारित समयभित्र 'रोप फिक्सिङ' गरी शिखरसम्म जाने बाटो खुल्ला गर्न सकिएमा जति धेरै आरोही भए पनि फरक नपर्ने धारणा पनि सो कार्यक्रममा व्यक्त भएको थियो। हिमाल आरोहणबाट सरकार तथा व्यवसायी एवं श्रमिकहरूलाई फाइदा हुने हुँदा यसलाई ट्राफिक जामसँग तुलना गर्न नहुने तर्क पनि रहेको छ।

हेलिकोप्टरको तयारी

विदेशी आरोहीहरू विभिन्न कीर्तिमान कायम गर्ने लक्ष्यका साथै सुरक्षित हिमाल आरोहणका लागि नेपाल आउन गरेका छन्। नेपालका अनुभवी तथा भरपर्दा पथप्रदर्शकहरू विदेशी आरोहीहरूका लागि प्रमुख आकर्षण बन्दै आएका छन्। नेपालमा आरोहण गर्न आउँदा हिमालमा २३ हजार फिटसम्म कुनै आपतकालीन अवस्था परेमा हेलिकोप्टरबाट पनि उद्धार गर्न सकिने व्यवस्था भएकाले आरोहण अभियान सञ्चालनकर्ताहरू ढुक्क हुने गरेका छन् । हिमाली भेगमा हेलिकोप्टरबाट उद्धार गरिने लाइफलाइन रेस्क्युका लागि सीमित मात्रामा भए पनि उपकरण तथा जनशक्तिको उपलब्धताले पर्वतारोहीहरूलाई राहतको अनुभूति गराउने गरेको छ।

विदेशमा यस्तै उद्धार गरिँदा पचासौँ हजार डलर लागत पर्नेमा नेपालमा सुलभ मूल्यमा उद्धार गर्न सकिने अवस्था रहेको छ । नेपाल नागरिक उडयन प्राधिकरणले हेलिकोप्टरमा दुई जना पाइलटको व्यवस्था गरेपछि हेलिकोप्टरको क्षमता भएता पनि १८ हजार फिटभन्दा माथि एक जनाको मात्र उद्धार गर्न पाउने अवस्था रहेको छ।

हिमालमै ज्यान गुमाएकाहरू

हिमालमा आरोहणका क्रममा निधन भएका आरोही तथा अन्य सहयोगीहरूको शव अहिले पनि विभिन्न हिमालमा देख्न सकिन्छ। शव उठाउने काम पनि उद्धार नै भएकाले त्यसलाई सहज बनाउनुपर्ने देखिएको छ। यसका लागि स्पष्ट नीतिको आवश्यकता महसुस गरिएको छ। सर्वोच्च अदालतले सगरमाथाको दोस्रो शिविरभन्दा माथिबाट हेलिकोप्टरले मानवीय उद्धार मात्र गर्ने गरी आदेश दिएकाले मृतक आरोहीको शव ल्याउन कठिनाई भइरहेको छ । मृत शरीरलाई बेग्लै ढाँचा वा इन्सुरेन्सको प्याकेजबाट ल्याउन पहल गर्नु आवश्यक देखिएको छ।

घट्दो पथप्रदर्शक

नेपालका हिमालप्रति आकर्षित भएर आउने विदेशी आरोहीहरूको संख्या बढे पनि त्यस्ता आरोहीलाई हिमाल चढ्दा बाटो देखाउने नेपाली पथप्रदर्शकहरूको संख्या भने दिनहुँ घटिरहेको छ । नेपाली युवाहरूको विदेशप्रतिको आकर्षणले पर्वतारोहण क्षेत्रमा पनि जनशक्ति घट्दै गएको छ । हिमालमा विभिन्न पेशामा काम गरी विदेश गएकाहरू कयौं अन्य पेशामा समेत आबद्ध हुन पुगेको अवस्था रहेको छ भने केही नेपाली पथप्रदर्शकले विदेशका विभिन्न हिमालमा आरोहीहरूलाई मार्गनिर्देशन गर्ने कार्य गर्दै आइरहेका छन् । आगामी दिनमा पर्वतीय पथप्रदर्शकलगायत हिमालमा काम गर्ने अन्य श्रमिकहरू उचित मात्रामा उत्पादन गरेर यो क्षेत्रमा विदेशी श्रमिक भित्रिनसक्ने सम्भावनालाई रोक्नुपर्ने आवश्यकता महसुस गरिएको छ।

धेरैपछि तालिम सञ्चालनको पहल

नेपाल पर्वतारोहण संघले लामो समयदेखि पर्वतारोहीहरूका लागि आधारभूत र एडभान्स (विशिष्टिकृत) प्रशिक्षण प्रदान गर्दै आइरहेको थियो। हिमाल चढ्न अभिरुचि राख्नेहरूका लागि ती तालिमहरू अत्यन्त उपयोगी साबित मानिन्थ्यो तर कोभिड महामारीको विश्वव्यापी प्रकोपपछि यस्ता तालिम पुनः सञ्चालन हुन सकेका छैनन् । यसको असर पर्वतारोहणमा समेत पर्न गएको छ । यस्ता प्रशिक्षण नियमित रूपमा सञ्चालन गर्न सरकारले पनि सघाउनुपर्ने देखिएको छ । विगतमा मनाङमा रहेको पर्वतारोहण प्रशिक्षण स्कुलमा यस्ता तालिम दिने गरिएको थियो । त्यो स्कुलको भवन जीर्ण भएकाले पुनः निर्माण गरेर फेरि तालिम सञ्चालन गर्न आवश्यक तयारी गरिएको छ । यो वर्ष एउटा तालिम सञ्चालन गरिने लक्ष्य राखिएको छ। नेपालका हिमालहरू राष्ट्रिय गौरवका आधार हुन्, तर हिमालप्रतिको आकर्षणलाई मात्र केन्द्रविन्दुमा राखेर यसको दिगोपन सुनिश्चित हुन सक्दैन । बढ्दो आरोहण गतिविधिसँगै आरोही तथा आरोहणमा संलग्न अन्य सहयोगीहरूको सुरक्षाप्रति सचेत हुनु अत्यावश्यक देखिएको छ। संसारका विभिन्न मुलुकबाट नेपाललाई रोज्दै हिमाल चढ्न आएका आरोहीहरूलाई साहसिक अभियान सम्पन्न भएपछि सकुशल घर फर्काउने जिम्मेवारी समग्रमा नेपालकै हो। यस्तै, आफ्नो ज्यानसमेत जोखिममा राखेर अतिथिलाई सघाउँदै आएका साहसी नेपाली सहयोद्धाको सुरक्षा पनि त्यति नै महत्त्वपूर्ण हुन्छ। यसैले जिम्मेवार पर्यटन संस्कृतिलाई महत्त्व दिनु समयको माग हो । हिमालले अवसर मात्र नभई जिम्मेवारी पनि साथै ल्याउने तथ्यलाई सबै सरोकारवालाले आत्मसाथ गर्नसके मात्र हिमाली पर्यटन सुरक्षित र दिगो बन्न सक्दछ।

एकातिर...

यसले ठुलो धक्का पुऱ्याएको छ। बँदेल र बाँदर लगायतका वन्यजन्तुले १ सय ३१ घरधुरीको अन्नबाली नष्ट गरिदिएका छन्। यसै गरी चितुवा, बाघ, भालु जस्ता जनावरले बाख्रा, भेडा, गाई, भैँसी र याक जस्ता घरपालुवा पशुधन मारेर किसानहरूलाई ठुलो आर्थिक क्षति पुऱ्याएका छन्। वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण महाशाखाका वरिष्ठ वन अधिकृत शेरबहादुर परियारका अनुसार जङ्गल नजिकका बस्तीहरू बर्सेनि असुरक्षित बन्दै जाँदा एकातिर खाद्यान्न सङ्कटको जोखिम बढेको छ भने अर्कातिर राज्यलाई राहत वितरणको व्ययभार थपिँदै गएको छ।

संरक्षणमा सरकारी प्रयास के छ ?

सङ्कट बढ्दै जाँदा नियन्त्रण र संरक्षणका सरकारी प्रयासहरू भने भौतिक तथा वित्तीय साधनस्रोतको अभावमा सुस्त देखिन्छन्। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत १ प्रदेश वन निर्देशनालय, ११ वटा डिभिजन र ५८ वटा सब-डिभिजन वन कार्यालयहरू क्रियाशील भए पनि संरक्षण कार्य चुनौतीपूर्ण छ। वरिष्ठ वन अधिकृत परियारका अनुसार संरक्षणमा मुख्य बाधा भनेको संरचनात्मक अभाव, सवारी साधनको कमी, प्रविधि र जनशक्ति, बजेट अभाव रहेको छ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

दशनामी...

विशिष्ट भ्रम र खस सभ्यता' केवल एउटा पुस्तक नभई इतिहास, संस्कृति र पहिचानको खोजीमा आधारित अनुसन्धानात्मक कृति भएको बताए।

उनले दशनामी तथा नाथ परम्पराबारे समाजमा रहेका विभिन्न भ्रमहरूलाई ऐतिहासिक प्रमाण, दस्तावेज र अध्ययनका आधारमा स्पष्ट पार्ने उद्देश्यले पुस्तक तयार गरिएको जानकारी दिए।

लेखकका अनुसार पुस्तकमा नेपालको खस सभ्यताको विकासक्रम, ऐतिहासिक सिञ्जा उपत्यकाको योगदान, दशनामी समुदायको सामाजिक तथा सांस्कृतिक भूमिका र पहिचानका विषयलाई प्रमाणसहित प्रस्तुत गरिएको छ।

दशनामी परम्पराको दर्शन, यसको ऐतिहासिक विकास, गृहस्थीकरणको प्रक्रिया, समाजमा व्याप्त भ्रम, वर्तमान पहिचानका चुनौती तथा भावी पुस्तालेे निर्वाह गर्नुपर्ने भूमिकाबारे पुस्तकमा विस्तृत चर्चा गरिएको छ।

१० खण्डमा विभाजित यस कृतिमा ऐतिहासिक कोलमुनी वंशको वंशावली, कोलमुनी वंशदर्पण तथा दशनामी समुदायको गौरवपूर्ण इतिहासलाई समेटिएको छ। साथै खेल क्षेत्रमा योगदान पुऱ्याएका स्वर्गीय बलदेव गिरीको जीवनयात्रा, सामाजिक योगदान र उनिप्रति समर्पित काव्यिक सिर्जनाहरूले पुस्तकलाई थप महत्वपूर्ण बनाएको छ।

पुस्तक लेखनका क्रममा ऐतिहासिक दस्तावेज, गुठी अभिलेख, शिलालेख, वंशावली तथा विभिन्न स्रोत सामग्रीहरूको गहिरो अध्ययन-अनुसन्धान गरिएको लेखक चौलागाईले बताए। उनले ऐतिहासिक तथ्य र प्रमाणका आधारमा तयार गरिएको यस कृतिले दशनामी समुदायको वास्तविक इतिहास बुझ्न सहयोग गर्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा सहभागी वक्ताहरूले पुस्तकले दशनामी समाजको मौलिकता, संस्कृति र ऐतिहासिक योगदानलाई उजागर गरेको बताएका थिए। उनीहरूले नयाँ पुस्तालाई आफ्नो इतिहास र पहिचानसँग जोड्न तथा अन्य समुदायमा दशनामी समाजप्रति सही दृष्टिकोण निर्माण गर्न पुस्तक उपयोगी हुने धारणा राखे।

लोकार्पण कार्यक्रममा सहभागीहरूले लेखक चौलागाईको अनुसन्धानात्मक प्रयासको प्रशंसा गर्दै इतिहास, संस्कृति र समाजको दस्तावेजीकरणमा यस्ता कृतिहरूको महत्वपूर्ण भूमिका रहने बताएका थिए।

कर्मचारी नफर्किदा सेवा ठप्प

❒ **काँक्रेविहार संवाददाता**
हुम्ला, १९ साउन

जिल्लाको चंखेली गाउँपालिकाका विभिन्न शाखाका जिम्मेवार कर्मचारी लामो समयदेखि कार्यालयमा अनुपस्थित भएपछि सेवा प्रवाह प्रभावित भएको छ।

आर्थिक वर्ष २०८२/८३ को अन्त्यसँगै कार्यालय छाडेका कर्मचारी हालसम्म नफर्किएपछि स्थानीय सेवाग्राहीले आवश्यक प्रशासनिक तथा आर्थिक सेवा लिन कठिनाइ भोगिरहेका छन्।

स्थानीयका अनुसार गत असार २५ गते आर्थिक कारोबार बन्द भएपछि भोलिपल्ट बिहानदेखि प्रमुख शाखाका कर्मचारी कुनै औपचारिक जानकारी वा समन्वयबिना कार्यालयबाट बाहिरिएका थिए। त्यसयता उनीहरू कार्यालयमा नफर्किँदा नागरिकले सिफारिस, भुक्तानी तथा अन्य अत्यावश्यक सेवाबाट वञ्चित हुनुपरेको गुनासो गरेका छन्।

सेवाग्राही हिक्मत शाहीले



जिम्मेवार कर्मचारी लामो समयसम्म कार्यालयमा उपस्थित नहुँदा दैनिक कामकाज प्रभावित भएको बताए। उनका अनुसार सार्वजनिक सेवा दिने कर्मचारीले आफ्नो जिम्मेवारी पूरा गर्नुका साथै कानुनी प्रक्रिया पनि पालना गर्नुपर्ने भए पनि त्यसको बेवास्ता गरिएको देखिएको छ।

कर्मचारी किन अनुपस्थित छन् भन्नेबारे स्पष्ट जानकारीसमेत प्राप्त हुन नसकेको उनको भनाइ छ। गाउँपालिका अध्यक्ष प्यारीलाल शाहीका अनुसार असार २५ गते सर्भरमा समस्या आएको भन्दै केही भुक्तानी रोकिएको थियो।

त्यसपछि प्रशासकीय अधिकृत, लेखा अधिकृत, इन्जिनियर, योजना शाखा प्रमुख, प्रशासन शाखा प्रमुख तथा लेखापाललगायतका कर्मचारीले गाउँपालिकालाई औपचारिक जानकारी नदिई कार्यालय छाडेका हुन्।

यसले प्रशासनिक कार्य मात्र नभई विकास निर्माणसँग सम्बन्धित कामसमेत प्रभावित भएको अध्यक्ष शाहीले बताए। उनले रोकिएका भुक्तानी, अधुरा प्रशासनिक प्रक्रिया तथा आर्थिक कारोबारका विषयमा सम्बन्धित कर्मचारीले जिम्मेवारी लिनुपर्ने धारणा व्यक्त गरे।

गाउँपालिकाबाट खर्च हुनुपर्ने केही पुँजीगत बजेटसमेत समयमै उपयोग हुन नसकेर फिर्ता गएको उनको भनाइ छ। थानीयवासीले सार्वजनिक सेवा नियमित र प्रभावकारी बनाउन सम्बन्धित निकायले कर्मचारीको उपस्थितिको सुनिश्चितता गर्नुपर्ने माग गरेका छन्।

गाउँपालिकाले पनि समस्या समाधानका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको जनाएको छ। कर्मचारीको अनुपस्थितिका कारण सेवा प्रवाहमा आएको अवरोध हटाई नागरिकलाई सहज र निरन्तर सेवा उपलब्ध गराउनेतर्फ आवश्यक पहल गरिने गाउँपालिकाको भनाइ छ।

दुल्लू नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दुल्लू, दैलेख

आर्थिक वर्ष २०८३/८४ मा हुने खरिद प्रक्रियामा सहभागी हुन सूचीकृत हुने सूचना

(मितिः २०८३/०४/२०)

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ र दुल्लू नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम १९ अनुसार यस नगरपालिकाबाट सोही ऐन नियममा तोकिए बमोजिम हुने खरिद सम्बन्धी कार्यक्रमको लागि सम्बन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायकको छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने व्यवस्था भए बमोजिम यस कार्यालयबाट आ.व. २०८३/८४ मा मौजुदा सूचीमा दर्ता हुन इच्छुक योग्य फर्म, सङ्घ/संस्था वा व्यक्तिहरूलाई सूचीकृत हुन चाहेको समूह समेत स्पष्ट रूपमा खोली यस कार्यालयले तोकिएको ढाँचामा आवेदन गर्नुहुन सूचित गरिएको छ।

आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरू:

क) आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्न प्राप्त दर्ता र नवीकरण भएको इजाजत पत्र,
ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको पत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,
ग) प्रचलित कानून बमोजिम सङ्घ/प्रदेश/स्थानीय तहलाई तिर्नु वा बुझाउनु पर्ने अधिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र,
घ) व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
ङ) लिखित स्वघोषणा पत्र,
च) सूचीकृत दस्तुर तिरेको भौचर, (आर्थिक ऐन, २०८३ बमोजिम PAN मा दर्ता भएकाको हकमा रु. ५०० र VAT मा दर्ता भएकाको हकमा रु. १,०००)

खरिद क्षेत्र तथा समूहहरू:

क) मालसामान खरिद तथा आपूर्ति तर्फ:
- मसलन्द तथा कार्यालय सामान,
- मेशिनरी सामाग्रीहरू (कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिन, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरू)
- नेटवर्किङ्ग सम्बन्धित सामानहरू,
- छपाई सम्बन्धी सामानहरू,
- पिउने पानी,
- फर्निचर एवम् फर्निसिङ्गका सामानहरू,
- सवारी साधनका पार्टपुर्जाहरू,
- पत्रपत्रिका तथा पुस्तकहरू,
- सेनेटरी तथा हार्डवेयरका सामाग्रीहरू,
- सञ्चार साधनका पार्टपुर्जाहरू,
- औषधीजन्य तथा सर्जिकल सामाग्रीहरू,
- कार्यालयलाई आवश्यक पर्ने अन्य मालसामानहरू,

ख) मर्मत तर्फ:
- सवारी साधन मर्मत (दुई पाङ्ग्रे),
- मेशिनरी उपकरणहरू (कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिन, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरू)
- भवन तथा भौतिक संरचना, रङ्गरोगन आदि,
- फर्निचरहरू,
- सञ्चार उपकरणहरू,

ग) सेवा तर्फ:
- कम्प्युटर नेटवर्क, इन्टरनेट सेवा सम्बन्धी कार्य,
- सफ्टवेयर, हार्डवेयर,

घ) निर्माण कार्यतर्फ:
- सडक, भवन लगायतका पूर्वाधार निर्माण कार्य,
- पूर्वाधारहरूको मर्मत सम्भार कार्य,

पदमबहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP)
प्रदेश स्तरीय कार्यक्रम व्यवस्थापन कार्यालय (PMO)
वीरेन्द्रनगर, सुर्खेत

IFAD Investing in rural people

सह-लगानीमा उच्च मूल्य कृषिवस्तु उत्पादन प्रवर्द्धन कार्यक्रममा आशय निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः२०८३/०४/२० गते

नेपाल सरकार र कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को सम्झौता बमोजिम संचालित यस उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP), प्रदेश स्तरीय कार्यक्रम व्यवस्थापन कार्यालय (PMO), सुर्खेतको R-HVAP कार्यक्रम लागु भएका तपसिलको स्थानीय तहमा आ.व. २०८३-०८४ को स्वीकृत बजारमुखी पर्यावरणीय उच्च मूल्य कृषिवस्तु (Agro-ecological High Value Commodity) उत्पादन र साना कृषि सिंचाई (Small Scale irrigation) कार्यक्रममा सह-लगानी गर्न चाहने कृषिसंग सम्बन्धित इच्छुक समूह/सहकारी/समितिलाई यस प्रदेशस्तरीय कार्यक्रम व्यवस्थापन कार्यालय (PMO), सुर्खेत वा कार्यालयको वेबसाइट pmorhvap.karnali.gov.np को अनुदान व्यवस्थापन सफ्टवेयर (SMS) अनलाइन मार्फत अनुसूचि-१.१ अनुसारको निवेदन पेश गर्न हुन अनुरोध छ।

तपसिल

जिल्ला	क्र.सं.	स्थानीय तह	सह-लगानीमा प्रवर्द्धन हुने उच्च मूल्य कृषिवस्तुहरू
दैलेख	१	आठबिस न.पा	कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/आँप/ओखर), मसला बाली, तरकारी र मौरीपालन, पशुपन्छी पालन (गाई/भैंसी/बाख्रा/स्थानीय कुखुरा)।
	२	महाबु गा.पा	
	३	भैरवी गा.पा	कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/ओखर/केरा/कफी), मौरीपालन, मसला बाली, तरकारी र पशुपन्छी पालन (गाई/भैंसी/बाख्रा/स्थानीय कुखुरा)।
	४	भगवतीमाई गा.पा	
सुर्खेत	५	लेकबेशी न.पा.	कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/आँप/लिची केरा/कफी), मौरीपालन, बीउ उत्पादन, तरकारी, मसला बाली र पशुपन्छी पालन (गाई/भैंसी/बाख्रा/स्थानीय कुखुरा)।
	६	गुर्भाकोट न.पा	
	७	चिङ्गाड गा.पा.	कृषि वन प्रणालीमा फलफूल (सुन्तलाजात/ओखर/आँप/कफी), मौरीपालन, तरकारी, मसला बाली र पशुपन्छी पालन (गाई/भैंसी/बाख्रा/स्थानीय कुखुरा), ।
	८	बराहताल गा.पा.	कृषि वन प्रणालीमा फलफूल बाली (सुन्तलाजात/केरा/आँप/लिची/कफी), मौरीपालन, मसलाबाली, तरकारी बाली र पशुपन्छी पालन (गाई/भैंसी/बाख्रा/स्थानीय कुखुरा)।
	९	पञ्चपुरी न.पा	
	१०	चौकुने गा.पा.	

नोटः पर्यावरणीय कृषिको लागि आवश्यक रैथाने बाली, मिश्रित बाली, अन्तरबाली, माटोको उर्वराशक्ति बढाउने बाली, फलफूलको हकमा फिलर बिरूवा र कभर बिरूवा (जस्तैः मेवा, भुईकटहर), परागसेचक, वानस्पतिक विषादीजन्य बिरूवा,औषधीय तथा सुगन्धित वनस्पती (टिमुर ,रिठ्ठा, दालचिनी) पर्यावरणमैत्री नवीनतम फलफूल र बायोफेन्सिंग सम्बन्धी क्रियाकलाप संचालनको लागि पनि प्रस्ताव गर्न सकिनेछ। थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०८३-५९०२६९ वा सूचना अधिकारीको नम्बर ९८५८०२८२६५ मा सम्पर्क गर्न सक्नुहुनेछ।

निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू

१) समूह/सहकारी/समिति दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२) प्रस्तावित कार्यक्रम/क्रियाकलापहरू संचालन गर्न इच्छुक भएको र वित्तीय तथा व्यवसायिक साक्षरता (FEBL) कक्षा संचालन आवश्यक भएको समूह/सहकारी/समितिको निर्णय प्रतिलिपि ।

निवेदन पेश गर्दा समूह/सहकारीले ध्यान दिनुपर्ने कुराहरू

१) सम्भव भएसम्म सम्पूर्ण निवेदनहरू अनुदान व्यवस्थापन सफ्टवेयर (SMS) अनलाइन प्रणालीबाट संकलन गरिनेछ, सहजीकरणको लागि यस कार्यालयबाट सम्बन्धित पालिकामा खटिएका कृषि प्राविधिक र सामाजिक परिचालकसंग समन्वय गर्न सक्नुहुनेछ।
२) निवेदन पेश गर्न कुनै राजश्व तिर्नु पर्ने छैन।
३) चालु आर्थिक वर्ष २०८३/०८४ को अवधिभर निवेदन पेश गर्न सकिनेछ ।
४) एउटा समुदाय/टोल/कलष्टर/गाउँ (Cluster/Village Based Approach) बाट कम्तिमा १०० घरधुरी (प्रति घरधुरी कम्तिमा औसत १.५ रोपनी तथा चारवटा कृषक समूह) ले एकै प्रकारको कृषिजन्य वस्तु उत्पादन गर्ने पकेट क्षेत्र वा सो भन्दा कम समूह/कृषक भएको हकमा एकमुष्ट रूपमा कम्तिमा १०० घरधुरी बराबर तोकिएको क्षेत्रफल हुनुपर्नेछ । सहकारीको हकमा कम्तिमा ५ ओटा कृषक समूहहरू (१२५ घरधुरी र प्रति घरधुरी कम्तिमा औसत १.५ रोपनी) को व्यवसायिक योजना सहित हुनुपर्नेछ ।
५) HVAP, ASDP तथा ASHA आयोजनाबाट लाभान्वित कृषि समूहले पनि निवेदन पेश गर्न सक्नेछन र उक्त समूहको विगत तथा हालको कार्यसम्पादन अवस्थाको प्राविधिक मुल्यांकन गरि छनौट गर्न सकिनेछ ।
६) एकीकृत कृषि खेति (कृषि, पशुपन्छी तथा बाली विविधता) भएको, बिषादी न्यून प्रयोग हुने गाउँ/क्षेत्रलाई प्राथमिकता दिइनेछ।
७) तरकारी खेतीको हकमा उत्पादन हुने सिजनमा सडक पहुँच भएको र बजारीकरण गर्न सकिने हुनुपर्नेछ ।
८) सम्बन्धित वडास्तर कृषक समुदाय केन्द्रित छलफल (FGD) र अगुवा कृषक/मुख्य सरोकारवाला सर्वेक्षणबाट पहिचान भएका प्राथमिकता प्राप्त बालीवस्तु सहित कार्यपालिका स्तरीय निर्णय वा स्थानीय तहको ५ वर्षे पर्यावरणीय कृषि योजना (Palika-Agroecological Plan/PAP) स्वीकृत पश्चात निवेदनहरूको प्राविधिक मूल्याङ्कन गरि छनौट गरिनेछ। हावापानी, भौगोलिक तथा व्यावसायिक रूपमा उपयुक्त निवेदकहरूलाई छनौट प्रक्रियामा लगिनेछ। अत्याधिक रासायनिक विषादी प्रयोग हुने गाउँ/टोलमा कार्यक्रम संचालन गरिने छैन ।
९) निवेदन फर्मेटको ढाँचा अनुसूची-१.१ कार्यालयको वेबसाइट pmorhvap.karnali.gov.np मा राखिएको छ।

सह-लगानी सिमा

१) बजारमुखी पर्यावरणीय कृषि उत्पादन कार्यक्रम सह-लगानी कुल लागतको बढीमा ५०% (पचास प्रतिशत) हुनेछ।
२) कृषि सिंचाई पूर्वाधार सह-लगानी कार्यालयको तर्फबाट अधिकतम ८५% (पचासी प्रतिशत) हुनेछ र सूचनामा उल्लेखित कृषिजन्य वस्तु उत्पादन नहुने क्षेत्रमा सिंचाई पूर्वाधार निर्माण गरिने छैन।

प्रदेश कार्यक्रम व्यवस्थापक

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सूचना रद्द सम्बन्धी जानकारी

R-HVAP, PMO, सुर्खेतको सह-लगानीमा उच्च मूल्य कृषि वस्तु उत्पादन प्रवर्द्धन कार्यक्रममा आशय निवेदन पेश गर्ने सम्बन्धी यस पत्रिकामा मिति २०८३/०४/१९ प्रकशित सूचनामा केहि छपाई/टाइप त्रुटी भएकोले उक्त सूचना रद्द गरिएको जानकारी गराईन्छ ।

प्रदेश कार्यक्रम व्यवस्थापन कार्यालय (PMO),
वीरेन्द्रनगर, सुर्खेत

काँक्रेविहार राष्ट्रिय दैनिक
समाचार
बुधवार, २० साउन, २०८३
Wednesday, 5 Aug 2026
सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

ट्राफिक कारबाहीबाट एक करोड ३३ लाख राजस्व

काँक्रेविहार संवाददाता
सुर्खेत, १९ साउन

जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतले आर्थिक वर्ष २०८२/८३ मा ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधन माथि गरिएको कारबाहीबाट रु एक करोड ३३ लाख ८१ हजार पाँच सय राजस्व सङ्कलन गरेको जनाएको छ।

ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन र सडक सुरक्षालाई प्राथमिकतामा राख्दै विभिन्न किसिमका उल्लङ्घनमाथि कारबाही गरिएको हो।

जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी निरीक्षक रोहितकुमार शाहीका अनुसार मादक पदार्थ सेवन गरी सवारी चलाउने, तीव्र गतिमा सवारी हाँक्ने, आवश्यक कागजात बिना सवारी सञ्चालन गर्ने तथा अन्य ट्राफिक नियम उल्लङ्घन गर्ने चालकलाई



कानुनी कारबाही गरिएको थियो।

नियमित अनुगमन र चेकजाँचका कारण नियम उल्लङ्घन गर्ने सवारीसाधनको पहिचान गरी राजस्व सङ्कलन गरिएको उनले बताए। प्रहरीले सवारीसाधनको मूल स्वरूप परिवर्तन गर्ने चालकमाथि पनि निगरानी बढाएको छ।

अनुमति बिना सवारीको संरचना वा स्वरूप परिवर्तन गर्ने सवारीधनीलाई कारबाही गर्दा मात्रै रु पाँच लाख ७० हजार राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ।

कारबाहीसँगै ट्राफिक प्रहरीले सडक सुरक्षा सचेतना अभियानलाई पनि निरन्तरता दिएको छ। गत आर्थिक वर्षमा दुई लाख ३१ हजार एक सय ३७ जनालाई ट्राफिक नियम, सुरक्षित यात्रा र दुर्घटना न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रममार्फत जानकारी प्रदान गरिएको थियो।

विद्यालय, सार्वजनिक स्थल तथा यातायात व्यवसायीसँग समन्वय गरेर यस्ता कार्यक्रम सञ्चालन गरिएको प्रहरीले जनाएको छ। यस अवधिमा सुर्खेत जिल्लामा नौ सय ५७ वटा सवारी दुर्घटना भएका छन्। ती दुर्घटनामा ३७ जनाले ज्यान गुमाएका छन् भने धेरै व्यक्ति घाइते भएका छन्। प्रहरीका अनुसार अधिकांश दुर्घटनाको मुख्य कारण तीव्र गति रहेको छ।

यसबाहेक सवारीको यान्त्रिक समस्या, सडक पूर्वाधारको कमजोरी, पैदलयात्रीको लापरवाही, प्रतिकूल मौसम तथा सडकमा छाडा पशुचौपायाको उपस्थितिले पनि दुर्घटना बढाएको देखिएको छ।

ट्राफिक प्रहरीले सडक दुर्घटना न्यूनीकरणका लागि नियमको कडाइका साथ कार्यान्वयन, नियमित अनुगमन तथा जनचेतनामूलक कार्यक्रमलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ।

महिला किसानलाई आलु व्यवस्थापन तालिम

काँक्रेविहार संवाददाता
दैलेख, १९ साउन

नारायण नगरपालिका चार रतापानीका महिला किसानलाई लक्षित गरी आलु बालीको कटानीपछिको व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न भएको छ। आलुको गुणस्तर कायम राख्ने, उत्पादनपछिको क्षति घटाउने तथा बजारमा राम्रो मूल्य प्राप्त गर्न सहयोग पुऱ्याउने उद्देश्यले तालिम सञ्चालन गरिएको हो।

फागुनेहरियाली किसान समूहमा आबद्ध महिला किसानका लागि आयोजना गरिएको उक्त तालिम नेपाल सरकार, युरोपेली संघ तथा संयुक्त राष्ट्रसंघका एजेन्सीहरूको संयुक्त पहल 'सशक्त महिला, समृद्ध नेपाल कार्यक्रम अन्तर्गत आर्थिक सशक्तीकरण कार्यक्रममार्फत सञ्चालन गरिएको हो।

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को पहलमा सेवक नेपालको सहकार्यमा कार्यक्रम आयोजना गरिएको थियो।

तालिममा आलु बालीको कटानीपछि अपनाउनुपर्ने सावधानी, उत्पादनको छनोट तथा वर्गीकरण, वैज्ञानिक भण्डारण, गुणस्तर संरक्षण, रोग तथा किराको नियन्त्रण, प्याकेजिङ र बजार व्यवस्थापनका विषयमा किसानलाई जानकारी दिइएको थियो। तालिमका क्रममा उत्पादन बढाउनु मात्र नभई उत्पादनपछिको उचित व्यवस्थापन पनि कृषि व्यवसायको महत्वपूर्ण पक्ष भएको विषयमा जोड दिइएको थियो। सही तरिकाले भण्डारण, गुणस्तरअनुसार वर्गीकरण र बजारको मागअनुसार व्यवस्थापन गर्न सके किसानले उत्पादनबाट थप आम्दानी लिन सक्ने बताइएको थियो। तालिमको सहजीकरण बागबानी अनुसन्धान केन्द्र, दैलेखका प्रमुख जीतनारायण चौधरीले गरेका थिए। उनले आलुको गुणस्तर जोगाउन वैज्ञानिक भण्डारण, तापक्रम र आर्द्रताको उचित व्यवस्थापन आवश्यक रहेको बताए उत्पादनपछिको क्षति कम गर्न सके किसानको आर्थिक अवस्थामा सुधार आउने उनको भनाइ थियो। कार्यक्रममा गोठपाडा कृषि सहकारीकी अध्यक्ष मुना थापाले यस्ता सीपमूलक तालिमले किसानको क्षमता विकास गर्नुका साथै कृषि उत्पादनलाई व्यावसायिक बनाउन सहयोग पुग्ने बताइन्। अनुसन्धानमा आधारित प्रविधि र ज्ञानलाई व्यवहारमा प्रयोग गर्न सके उत्पादन र आम्दानी दुवै बढ्ने उनको भनाइ थियो। तालिममा सहभागी सरिता तारामी मगरले आलुको सुरक्षित भण्डारण, गुणस्तर संरक्षण र बजार व्यवस्थापनका विषयमा नयाँ ज्ञान प्राप्त भएको बताए।

तीन अवैध भरुवा बन्दुक बरामद

काँक्रेविहार संवाददाता
सल्यान, १९ साउन

जिल्ला प्रहरी कार्यालय सल्यानले जिल्लाका दुई फरक सामुदायिक वन क्षेत्रबाट बेवारिसे अवस्थामा लुकाइराखिएका तीन नाल अवैध भरुवा बन्दुक बरामद गरेको छ।

गोप्य सूचनाका आधारमा गरिएको खोजतलासका क्रममा ती बन्दुक फेला परेका हुन्। प्रहरीका अनुसार बनगाड कुपिण्डे नगरपालिका १२ स्थित सिद्धगुफा सामुदायिक वनबाट दुई नाल र त्रिवेणी गाउँपालिका दुई स्थित ठाँटीबोट सामुदायिक वनबाट एक नाल गरी जम्मा तीन नाल भरुवा बन्दुक बरामद गरिएको हो।

बन्दुकहरू वन क्षेत्रभित्र झाडी र ओडारजस्ता स्थानमा लुकाएर राखिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी निरीक्षक तथा सूचना अधिकारी ईश्वर रोकायका अनुसार जंगलमा अवैध हतियार लुकाइराखिएको भन्ने विशेष सूचनापछि प्रहरी टोली परिचालन गरिएको थियो।

खोजी अभियानका क्रममा बेवारिसे अवस्थामा रहेका भरुवा बन्दुक फेला पारिएको उनले जानकारी दिए। प्रहरीले बरामद भएका बन्दुक कसको स्वामित्वमा रहेका हुन्, कसले वन क्षेत्रमा लुकाएर राखेको हो र यसको प्रयोग कुन उद्देश्यका लागि गर्न खोजिएको थियो भन्ने विषयमा अनुसन्धान अघि बढाएको जनाएको छ। घटनासँग सम्बन्धित व्यक्ति वा समूहको पहिचानका लागि स्थानीयसँग सोधपुछ गर्नुका साथै अन्य प्रमाण संकलन गर्ने कार्य जारी रहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार पछिल्लो समय अवैध हतियारको प्रयोग तथा ओसारपसार नियन्त्रण गर्न जिल्लाका विभिन्न स्थानमा निगरानी बढाइएको छ।

छार्का ताङसोङ गाउँपालिका

ཚྭ་དགའ་སྟེང་ཞོང་གྲོང་སྡེ་ཁྱབ་བདང་

गाउँ कार्यपालिकाको कार्यालय

कागकोट, डोल्पा, कर्णाली प्रदेश, नेपाल

सूचीदर्ता सम्बन्धी सूचना

(मितिः २०८३/०४/२०)

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ क र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा व्यवस्था भए अनुसार आ.व. २०८३/०८४ को लागि यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक खरिद विधि अवलम्बन गर्न तपसिल बमोजिमका सामान तथा सेवाहरू आपूर्ति गर्ने आपूर्तिकर्ता/फर्म/कम्पनी/व्यवसायी/ उद्योग/सेवा प्रदायकहरूको मौजुदा सूची (Standing List) तयार गर्नु पर्ने भएकाले इच्छुक सम्बन्धित आपूर्तिकर्ता/फर्म/कम्पनी/व्यवसायी/उद्योग/सेवा प्रदायकहरूले आफ्नो फर्म/कम्पनी/संस्था तथा उद्योगको दर्ता वा इजाजतपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को कर चुक्ताको प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, नवीकरण गरेको क्षेत्रभित्रको लागि प्रमाणित प्रतिलिपिहरू र आफूले गर्ने कामको विवरणको निवेदन सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सूची दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएका निवेदन उपर कुनै कारबाही हुने छैन।

तपसिलः

क) मालसामान आपूर्ति तर्फः

१. कार्यालय सामान, स्टेशनरी तथा मसलन्द।
२. छपाई सम्बन्धी/प्रेस सम्बन्धी कार्यहरू।
३. कम्प्युटर, प्रिन्टर, फ्याक्स, फोटोकपी, स्क्यानर, यूपीएस, कार्ट्रिज, टोनर लगायत नेटवर्किङ, स्विचडका इलेक्ट्रोनिक्स सामान।
४. सौर्य ऊर्जा सम्बन्धी सामान।
५. काठ तथा मेटलका फर्निचर तथा फिनिसिङ्ग।
६. साइन बोर्ड, होर्डिङ बोर्ड, कपडा तथा फ्लेक्स ब्यानर निर्माण र लेखन सम्बन्धी कार्य।
७. खाद्य, औषधि तथा सरसफाइ सम्बन्धी सामानहरू।
८. मेडिकल उपकरण, औजार र औषधि सम्बन्धी।
९. पशुपंक्षीहरूको लागि औषधि र कृषिको लागि बिउबिजन सम्बन्धी।
१०. इन्धन तथा पेट्रोलियम पदार्थ तथा ग्यासहरू।
११. स्याउ, ओखर बिरुवा तथा नर्सरी सम्बन्धी सामानहरू।
१२. अन्य विविध सामान आपूर्ति।

ख) सेवा आपुर्ति परामर्श सेवा तर्फः

१. परामर्श सेवा प्रदायकहरू इन्जिनियरिङ डिजाइन र अन्य परामर्श सेवा प्रदायकहरू।
२. विज्ञापन सूचना सम्बन्धी कार्यहरू।
३. बिमा सेवा सम्बन्धी कार्यहरू।
४. इन्टरनेट तथा वेबसाइट/सफ्टवेयर डिजाइन, निर्माण तथा मर्मत सेवा।
५. गैर सरकारी संस्थाहरू - सेवा खरिद एवम् काम गराउने सम्बन्धी।
६. अध्ययन अनुसन्धान सम्बन्धी परामर्श सेवा।
७. श्रव्य-दृश्य सामग्री निर्माण।

ग) निर्माण कार्य, अन्य सेवा खरिद तथा मर्मत सम्भार तर्फः

१. भवन भित्री पार्टिसन सम्बन्धी कार्यहरू।
२. सवारी साधनहरू भाडामा लिने कार्य।
३. फर्निचर तथा फिक्चर्स मर्मत।
४. कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन लगायतका विद्युतीय सामाग्रीहरूको मर्मत।

विशाल पौडेल
नि. प्रमुख प्रशासकीय अधिकृत



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)